बैठक संख्या : ९३

स्थान : राप्ती नगरपालिका

मिती : २०७८।०६।०४ गते

समय : साझ ५ : ०० बजे

यस राप्ती नगरपालिका, नगर कार्यपालिकाको प्रमुख श्री प्रभा बराल (पौडेल) ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो ।

उपस्थिति

नगरप्रमुख श्री प्रभा बराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष नं १ श्री सिद्धिलाल स्याङतान

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमशेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

का.वा. वडाध्यक्ष वडा नं ८ श्री पूर्ण प्रसाद आचार्य

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा का.वा. राम कुमार सुवेदी

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

का.वा. वडाध्यक्ष वडा नं. ११ श्री कृष्ण बहादुर लामा

वडाध्यक्ष वडा नं. १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं. १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुँवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अम्विका लामा

सदस्य श्री पहलमान प्रजा

प्रमुख प्रशासकीय अधिकृत श्री गंगा बहादुर भुजेल — सदस्य सचिव

आमन्त्रित जिल्ला समन्वय समिति सदस्य श्री गुनु वि.क.

लेखा अधिकृत श्री गोपाल तिवारी

प्रशासकीय अधिकृत शारदा देवी शर्मा

संजीव रेग्मी

क.अ. श्री रमेश चौधरी

श्री गोमा दाहाल

बैठक संख्या ९३

मिति : २०७८।०६।०४

**प्रस्तावहरु**

१. सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।
२. ECD शिक्षकहरुको वृद्धि तलब सम्बन्धमा ।
३. वृद्धि तलब समावेश सम्बन्धमा ।
४. आर्थिक सहायता अनुमोदन सम्बन्धमा ।
५. योजनाहरु संचालन प्रक्रिया तिव्र रुपमा अगाडी बढाउने सम्बन्धमा ।
६. Back Hoe Loader र Roller लाई प्रत्येक वडाले कम्तिमा ५ लाखको काम दिने सम्बन्धमा ।
७. योजना फरफारकको लागि समिति गठन सम्बन्धमा ।
८. मोटर साइकल खरिद सम्बन्धमा ।
९. नगरसभा सिटी हलको योजना भेरियन्स गर्ने सम्बन्धमा ।
१०. सामाजिक सुरक्षा भत्ता लाभग्राही नविकरण सम्बन्धमा ।
११. भेरोसेल खोप सम्बन्धमा ।
१२. खोलाको IEE सम्बन्धमा ।
१३. हेलो सरकार पोर्टलमा परेको गुनासो सम्बन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा सुरक्षित आवास कार्यक्रमको लागि संघीय सरकारबाट बजेट आउन ढिलो हुने भएकोले को.ले.नि.का.बाट बजेट प्राप्त भएपछि गर्ने वा वडा तहबाट विनियोजित बजेटको योजना कार्यक्रमको रकमबाट गर्ने भन्ने वडाको निर्णय तथा आवश्यकता र औचित्यता हेरी सुरक्षित आवास कार्यक्रम अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा शिक्षा तर्फ विद्यालयमा ECD शिक्षिका, विद्यालय कर्मचारी, कार्यालय सहयोगीहरुको न्यूनतम १५०००। दिने भनि नेपाल सरकारको बजेट वक्तव्य अनुसार यस अघि नगरसभा निर्णय भएको तर सोको लागि बजेट विनियोजनमा रकम अपुग हुने देखिएकोले तत्कालको लागि उपयुक्त शिर्षक हेरी दशै खर्च समेत गरी न्यूनतम १५०००।का दरले तलब भुक्तानीको व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा रामी नगरपालिकामा कार्यरत करार (सामाजिक परिचालक समेत) का सम्पूर्ण कर्मचारीहरु लाई संघीय तथा प्रादेशिक सरकारले वृद्धी गरे बमोजिम रु २०००। तलब वृद्धि थप गरि मिति २०७८।०४।०१ गते देखि नै लागु हुने गरि तलबमा समायोजन गर्ने र दैनिक ज्यालादारीमा मासिक रु १००००। मा काम गरिरहेका कर्मचारीको हकमा पनि नेपाल सरकारको १५००० भन्दा कममा मजदुरलाई काममा लगाउन नपाउने निर्णय भएको हुँदा दैनिक ज्याला रु ६७५। कायम गरी बढीमा मासिक रु १५०००। नबढ्ने गरी ज्याला दिने निर्णय गरियो ।

बैठक संख्या ९३

मिति : २०७८।०६।०४

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा रासी नगरपालिका वडा नं. ५ निवासी झा परिवारको घरमा विद्युतको तार सर्ट भइ आगलागी भएको र निजको आर्थिक अवस्था निकै नाजुक भएकोले उक्त परिवारलाई आवास निर्माणको लागि प्राविधिक स्टेमेट अनुसार नगरपालिकाबाट रु १,०,०००। र वडा नं. ५ को कार्यक्रमबाट रु ५००००। सहयोग गर्ने निर्णय र रासी नगरपालिका वडा नं.१ निवासी मृतक विष्णु बहादुर थापाको परिवारको आर्थिक अवस्था निकै कमजोर तथा दैनिय भएकोले उक्त परिवारलाई रु १५००० बराबरको खाद्यान्न, लत्ता कपडा सामग्री उपलब्ध गराउने निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा आ.व. ०७८/७९ को लागि नवौ नगरसभाबाट विनयोजित योजना तथा कार्यक्रमहरु कार्यान्वियन गर्न वडा तथा नगर स्तरका योजना तथा कार्यक्रम तल्काल अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा आ.व. ०७८/८९ को लागि विनियोजित कार्यक्रम संचालन गर्दा सके सम्म नगरपालिकामा भएको व्याक हो लोडर प्रयोग गर्ने वा कम्तीमा ५ लाख बराबरको योजना अनिवार्य रुपमा नगरपालिकामा भएको व्याक हो लोडर प्रयोग गरि योजना संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा रासी नगरपालिकामा संचालन हुने योजनाहरुलाई पारदर्शिता तथा जवाफ देहिता बनाउनको लागि प्राविधिक सहितको फरफारक समिति गठन गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा रासी नगरपालिका उत्तरपट्टी धेरै जसो भुभाग पहाड तथा विकट भएकोले योजना कार्यान्वय तथा अनुगमनमा सहजता ल्याउनका आवश्यकतालाई मध्य नगर गरी हाललाई ३ वटा मोटर साइकल खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा रासी नगर सभाबाट स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत रासी नगरपालिका वार्ड न. २ स्थित नगर सभा हल निर्माण गर्न बजेट बिनियोजन भै ठेक्का प्रक्रिया मार्फत यस नगरपालिका र महाकाली देवी कन्स्ट्रक्सन प्रा.लि,रासी -०९ बीच मिति २०७७-०६-०८ गते भएको सम्झौता भै कार्य प्रारम्भ भएकोमा उक्त आयोजना कार्यन्वयन चरणमा पहिला लगत अनुमान तयार भएको स्थान र हाल सभा हल निर्माण स्थल फरक पर्न गएको हुँदा खरिद सम्झौतामा उल्लेख भएका केहि आइटमहरु (VO-2 CHART) बमोजिमको परिमाणहरु तथा आइटममा भेरियसन गर्न पेश भै आएकोमा उक्त विषयलाई अध्यन गरि जाँच बुझ गर्दा मनासिब नै देखिएको हुँदा दोश्रो भेरियसन VO-2 बमोजिप सम्झौता रकम रु. ९७,३३,०४४.०५ (भ्याट बाहेक ) मा रु. ८,६६,४०८.३४ (८.९५%) बढी भै रु. १,०५,४४,४५२.३९ हुन आउने रकम स्वीकृत गरि सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५४ (१)

बैठक संख्या ९३ मिति : २०७८।०६।०४

(ख) र सार्बजनिक खरिद नियमावली,२०६४ को नियम ११८ (१) र (२) तथा स्थानिय सरकार संचालन ऐन २०७४ बमोजिम भेरियसन आदेश (VO-2) स्वीकृत गरि कार्य अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा रासी नगरपालिका अन्तर्गत सामाजिक सुरक्षा लाभग्राही साउन १ देखि नविकरण गर्न कार्य वडा तहबाट संचालन भएकोमा हाल सम्म पनि सबै लाभग्राहीहरुले नविकरण गरेको नदेखिएको आ-आफ्नो वडामा सामाजिक सुरक्षा भत्ता लाभग्राहीलाई समयमा नै नविकरण गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा कोराना विरुद्ध भेरोसेल खोप ३५ वर्ष माथि तथा खोप लगाउन छुट भएका विद्यार्थीलाई स्वास्थ्य शाखाबाट तय गरेको मिती समय र स्थानमा खोप कार्यक्रम संचालन हुने हुँदा सो को लागि आवश्यक समन्वय तथा प्रचार प्रसार गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस नगरपालिकाको अधिकार क्षेत्रभित्र पर्ने लोथर र अन्य खोलाको गत साल संयुक्त रुपमा प्रारम्भिक वातावरणीय परिक्षण अध्ययन प्रतिवेदन तयार गरी लोथर खोलाको स्वीकृतिको लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभागमा पठाइएकोमा विभागबाट अध्ययन गर्न समेत स्वीकृति लिनुपर्ने भनी लोथर खोलाको पुल र निकुञ्जको वीचको करिव ६०० मिटर भागको वातावरणीय परिक्षण अध्ययन गर्न स्वीकृति प्राप्त भएकोमा गत साल एकमुष्ट प्रतिवेदन तयार गरिएकोले हाल लोथरको मात्र परिक्षण अध्ययन गर्ने र अहिलेको बर्षाले नदीजन्य पदार्थको मात्रा र अवस्था तलमाथी पर्न सक्ने सम्भावना समेत देखिदा लोथर खोलाको तोकिएको क्षेत्रमा मात्र थप अध्ययन गर्न गत साल प्रारम्भिक वातावरणीय परिक्षण गरेको श्री सिग्मा सर्भिशेष प्रा.लि. बालकोट भक्तपुरबाट नै यस कार्यालयलाई थप आर्थिक व्यायभार नपर्ने गरी उक्त कार्य गराउने निर्णय गरियो ।

**निर्णय नं. १३**

प्रस्ताव नं. १३ माथि छलफल गर्दा हेलो सरकारमा परेको गुनासो सम्बन्धमा देहाय अनुसार निर्णय गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

१. रासी नगरपालिकामा फोहोर व्यवस्थापन सम्बन्धी गुनासो सम्बन्धमा फोहोरमैला व्यवस्थापनको लागि नगरपालिका र रिकिसी संस्था विच सम्झौता भइ कार्य अगाडी बढी रहेकोमा नगरमा उत्पादिन फोहोरलाई स्थानीय बासीबाट सड्ने र नसड्ने छुट्याउनु पर्नेमा उक्त कार्य नगरेकोले रिकिसी संस्थाबाट सो फोहोर उठाउन समस्या भएको हो । मिक्स फोहोरलाई प्रसोधन गर्न नसकिने भएकोले त्यस्ता प्रकृतीको फोहोरलाई व्यवस्था गर्न डम्पिङ साइडको लागि आवश्यक पहल गर्ने ।

२. पार्किङ्ग सम्बन्धी गुनासो सम्बन्धमा हालको बजार वृद्धिसँगै सवारी साधनको चाप बढेको छ । सवारीलाई व्यवस्थापन गर्न नगरको दायित्व पनि रहेको छ । पार्किङ नहुँदा आइपर्ने समस्या सामाधानको लागि जग्गाको खोजी कार्य भइ रहेकोले जग्गा प्राप्त हुन साथ पार्किङलाई व्यवस्थापन गर्ने ।

बैठक संख्या ९३ मिति : २०७८।०६।०४

३. वडा नं. ५ को वडा कार्यालयको सेवा प्रवाह गुनासो सम्बन्धमा छलफल हुँदा हाल प्राय जसो वडाहरुमा विद्युत इ-हाजिरी व्यवस्था गरेकोले सवै कर्मचारीहरु अनिवार्य रुपमा समयमा उपस्थित रहेकोले सेवा प्रवाहमा चुस्त दुरुस्त रहेको र उजुरीमा अभियोग लगाएका कर्मचारीलाई आवश्यक निर्देशन दिइएको हुँदा सवै वडाहरुमा सेवा प्रवाहमा चुस्तता ल्याई नगरबासीबाट कुनै गुनासो नआउने अवस्था सृजना गर्ने प्रतिवद्धता जाहेर गर्ने निर्णय गरियो ।